आज **मिति २०७७ साल असार ०१ गते** चौरजहारी नगर कार्यपालिकाको **५५ औं बैठक** नगर प्रमुख श्री विशाल शर्माज्यूको अध्यक्षतामा बसी तपशिलको उपस्थितिमा देहाय बमोजिम निर्णय गरियो ।

**उपस्थिती**

| क्र.सं. | नाम थर | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री विशाल शर्मा | नगर प्रमुख | |
| २ | श्री राधा रोका | उपप्रमुख | |
| ३ | श्री रामबहादुर के.सी. | सदस्य सचिव | |
| ४ | श्री भद्र वहादुर विष्ट | अध्यक्ष वडा नं. १ | |
| ५ | श्री केशव केसी | अध्यक्ष वडा नं. २ | |
| ६ | श्री लाल वहादुर वुढा | अध्यक्ष वडा नं. ३ | |
| ७ | श्री गोपाल भण्डारी | अध्यक्ष वडा नं. ४ | |
| ८ | श्री उदे खत्री | अध्यक्ष वडा नं. ५ | |
| ९ | श्री जयलाल महतरा | अध्यक्ष वडा नं. ६ | |
| १० | श्री इन्द्रलाल शर्मा | अध्यक्ष वडा नं. ७ | |
| ११ | श्री डम्वर वहादुर मल्ल | अध्यक्ष वडा नं. ८ | |
| १२ | श्री महेश स्वर्णकार | अध्यक्ष वडा नं. ९ | |
| १३ | श्री धरम वहादुर के सी | अध्यक्ष वडा नं. १० | |
| १४ | श्री मनमोहन शाह | अध्यक्ष वडा नं. ११ | |
| १५ | श्री टिकाराम वली | अध्यक्ष वडा नं. १२ | |
| १६ | श्री टंक प्रसाद वली | अध्यक्ष वडा नं. १३ | |
| १७ | श्री अतिराम विष्ट | अध्यक्ष वडा नं. १४ | |
| १८ | श्री सुदास स्वर्णकार | सदस्य | |
| १९ | श्री सपना कार्की | सदस्य | |
| २० | श्री देवी खड्का | सदस्य | |
| २१ | श्री विनिता गुरुङ | सदस्य | |
| २२ | श्री दलसरी महतरा | सदस्य | |
| २३ | श्री असारे नेपाली | सदस्य | |
| २४ | श्री लोकेन्द्र परियार | सदस्य | |
| २५ | श्री दिपा के सी | सदस्य | |

चौरजहारी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
चौरजहारी, रुकुम (पश्चिम)
कर्णाली प्रदेश, नेपाल

## २०७७ असार १ गतेको ५५ औं नगर कार्यपालिकाको बैठकमा पेश भएका प्रस्तावहरु

| क्र.स. | प्रस्तावको विवरण | निर्णयको संक्षिप्त व्यहोरा | कैफियत |
| --- | --- | --- | --- |
| १ | आगामी आर्थिक वर्ष २०७७/०७८ को वार्षिक बजेट तथा कार्यक्रम, नीति तथा कार्यक्रम, आर्थिक विधेयक, विनियोजन विधेयक र मध्यमकालिन खर्च संरचना नगरसभामा पेश गर्न स्वीकृति प्रदान गर्ने सम्बन्धि प्रस्ताव | प्रस्तावमा उल्लेख भए अनुसार प्रस्ताव स्वीकृत गर्ने । | |
| २ | आर्थिक वर्ष २०७६।०७७ को स्वीकृत वार्षिक बजेट अनुसार खर्च नहुने शीर्षकबाट खर्च हुने शीर्षकमा रकमान्तर गर्ने सम्बन्धि प्रस्ताव | प्रस्तावमा उल्लेख भए अनुसार प्रस्ताव स्वीकृत गर्ने । | |
| ३ | विविध समसामयिक विषयहरु समेटिएको विविध विषय सम्वन्धि प्रस्ताव | प्रस्तावमा उल्लेख भए अनुसार प्रस्ताव स्वीकृत गर्ने । | |

नगर प्रमुख

नि.प्रमुख प्रशासकिय अधिकृत

# ५५ औं नगर कार्यपालिकाको मिति २०७७।०३।०१ गतेका बैठकका निर्णयहरु

<u>निर्णय नं. १</u> : आगामी आर्थिक वर्ष २०७७/०७८ को वार्षिक बजेट तथा कार्यक्रम, नीति तथा कार्यक्रम, आर्थिक विधेयक, विनियोजन विधेयक र मध्यमकालिन खर्च संरचना नगरसभामा पेश गर्न स्वीकृति प्रदान गर्ने सम्बन्धि प्रस्ताव सर्वसहमतिबाट पारित गरियो ।

<u>निर्णय नं. २</u> : आर्थिक वर्ष २०७६।०७७ को स्वीकृत वार्षिक बजेट अनुसार खर्च नहुने शीर्षकबाट खर्च हुने शीर्षकमा रकमान्तर गर्ने सम्बन्धि प्रस्ताव सर्वसहमतिबाट पारित गरियो ।

<u>निर्णय नं. ३</u> : विविध समसामयिक विषयहरु समेटिएको विविध विषय सम्बन्धि प्रस्ताव सर्वसहमतिबाट पारित गरियो ।

नगर प्रमुख

२०७७/०३/०१

नि.प्रमुख प्रशासकिय अधिकृत

**विषय:-आर्थिक वर्ष २०७७/०७८ को वार्षिक बजेट तथा कार्यक्रम, नीति तथा कार्यक्रम, आर्थिक विधेयक, विनियोजन विधेयक र मध्यमकालिन खर्च संरचना नगरसभामा पेश गर्न स्वीकृति प्रदान गर्ने सम्बन्धमा ।**

**प्रस्ताव पेश गर्न नगर प्रमुखबाट स्वीकृति प्राप्त मिति :-२०७७।०२।२७**

१. **विषयको संक्षिप्त व्यहोरा :-** नेपालको संविधान, संविधान बमोजिम बनेको स्थानीय सरकार सञ्चालन ऐन-२०७४, अन्तर सरकारी वित्त व्यवस्थापन ऐन- २०७४ र चौरजहारी नगरपालिका योजना तर्जुमा दिग्दर्शन- २०७६ मा भएको व्यवस्था अनुरुप नगरपालिकाको आर्थिक वर्ष २०७७/०७८ को वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गरी २०७७ असार मसान्तभित्र नगर सभाबाट पारित गरी सक्नुपर्नेछ । सभाबाट बजेट तथा कार्यक्रम स्वीकृत गर्न स्थानीय तहको बजेट तथा योजना तर्जुमा सम्बन्धी सात चरणहरु पार गर्नुपर्ने कानूनी व्यवस्था छ । आर्थिक वर्ष २०७७/०७८ को लागि संघीय सरकारबाट वित्तीय समानीकरण अनुदान तर्फ रु १० करोड ३७ लाख, राजश्व बाँडफाँड तर्फ रु ७ करोड ९१ लाख ८९ हजार ४ सय ७०, समपूरक अनुदान तर्फ रु ६४ लाख, विशेष अनुदान तर्फ रु २ करोड, सशर्त अनुदान तर्फ रु २२ करोड ५० लाख गरी जम्मा रु ४३ करोड ४२ लाख ८९ हजार ४ सय ७० र कर्णाली प्रदेश सरकारबाट वित्तीय समानीकरण तर्फ रु १ करोड १ लाख ९३ हजार र राजश्व बाँडफाँड तर्फ रु ६ लाख १० हजार गरी जम्मा रु १ करोड ८ लाख ३ हजार बराबरको अनुमानित बजेट सिलिङ प्राप्त भएको छ । हालसम्म कर्णाली प्रदेश सरकारबाट आर्थिक वर्ष २०७७/०७८ मा विशेष अनुदान, समपूरक अनुदान र सशर्त अनुदान वापत प्राप्त हुनुपर्ने अनुमानित बजेट सीमा प्राप्त हुन सकेको छैन् ।

२. **प्राप्त परामर्श र अन्य सान्दर्भिक कुरा :-** नेपालको संविधान, २०७२ को धारा ५९ को उपधारा (१) अनुसार संघ, प्रदेश तथा स्थानीय तहले आफ्नो अधिकारभित्रको आर्थिक अधिकार सम्बन्धी विषयमा कानून बनाउने, वार्षिक बजेट बनाउने, निर्णय गर्ने, नीति तथा योजना तयार गर्ने र त्यसको कार्यान्वयन गर्ने छन् । ऐ धाराको उपधारा (३) अनुसार संघ, प्रदेश र स्थानीय तहले आ-आफ्नो तहको बजेट बनाउने छन् र प्रदेश र स्थानीय तहले बजेट पेश गर्ने समय संघीय कानून बमोजिम हुनेछ । धारा ६० को उपधारा (१) अनुसार संघ, प्रदेश र स्थानीय तहले आफ्नो आर्थिक अधिकारक्षेत्र भित्रको विषयमा कर लगाउन र ती स्रोतहरूबाट राजस्व उठाउन सक्नेछन् । तर साझा सूचीभित्रको विषयमा र कुनै पनि तहको सूचीमा नपरेका विषयमा कर लगाउने र राजस्व उठाउने व्यवस्था नेपाल सरकारले निर्धारण गरे बमोजिम हुनेछ । ऐ



नि.प्रमुख प्रशासकीय अधिकृत

धाराको उपधारा (३) अनुसार प्रदेश र स्थानीय तहले प्राप्त गर्ने वित्तीय हस्तान्तरणको परिमाण राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको सिफारिस बमोजिम हुनेछ । उपधारा (४) अनुसार नेपाल सरकारले प्रदेश र स्थानीय तहलाई खर्चको आवश्यकता र राजस्वको क्षमताको आधारमा वित्तीय समानीकरण अनुदान वितरण गर्नेछ । उपधारा (५) अनुसार प्रदेशले नेपाल सरकारबाट प्राप्त अनुदान र आफ्नो स्रोतबाट उठ्ने राजस्वलाई मातहतको स्थानीय तहको खर्चको आवश्यकता र राजस्व क्षमताको आधारमा प्रदेश कानून बमोजिम वित्तीय समानीकरण अनुदान वितरण गर्ने छन् । धारा २३० को उपधारा (१) अनुसार यस संविधानको अधीनमा रही गाउँ कार्यपालिका र नगर कार्यपालिकाले प्रत्येक आर्थिक वर्षको राजस्व र व्ययको अनुमान स्थानीय कानून बमोजिम गाउँ सभा वा नगर सभामा पेश गरी पारित गराउनु पर्नेछ । उपधारा (२) अनुसार उपधारा (१) बमोजिम गाउँ कार्यपालिका वा नगर कार्यपालिकाले राजस्व र व्ययको अनुमान पेश गर्दा घाटा बजेट निर्माण गर्नु पर्ने भएमा संघीय कानून र प्रदेश कानून बमोजिम घाटा पूर्ति गर्ने स्रोत समेतको प्रस्ताव गर्नु पर्नेछ ।

अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १६ मा सार्वजनिक खर्चको अनुमानित विवरण तयार गर्ने र विवरण तयार गर्दा चालू खर्च, पूंजीगत खर्च र वित्त व्यवस्थाका लागि आवश्यक पर्ने रकम समेत छुट्याउनू पर्ने व्यवस्था छ । दफा १७ मा दफा १६ बमोजिमको सार्वजनिक खर्चको विवरण तयार गर्दा आगामी तीन आर्थिक वर्षमा हुने खर्चको प्रक्षेपण सहितको मध्यमकालिन खर्च संरचना (MTEF) तयार गर्नुपर्ने, दफा १८ को उपदफा (१) मा आगामी आर्थिक वर्षको लागि आय व्ययको प्रक्षेपण गरिएको तथ्यांक सहितको विवरण प्रत्येक वर्षको पुस मसान्तभित्र मन्त्रालय समक्ष पेश गर्ने, उपदफा (२) मा नेपाल सरकारले राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगसंग परामर्श गरी चालू आर्थिक वर्षको फागुन मसान्तभित्र दफा ६ बमोजिमको राजस्व बांडफांड र दफा ८ बमोजिमको वित्तीय समानीकरण अनुदान बापत आगामी आर्थिक वर्षमा नेपाल सरकारले स्थानीय तहलाई उपलब्ध गराउने अनुमानित स्रोतको विवरण उपलब्ध गराउनु पर्ने, उपदफा (३) मा प्रदेश सरकारले राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगसंग परामर्श गरी चालू आर्थिक वर्षको चैत्र मसान्तभित्र संविधानको धारा ६० को उपधारा (५) बमोजिम स्थानीय तहलाई उपलब्ध गराउने वित्तीय अनुदानको अनुमानित विवरण स्थानीय तहलाई उपलब्ध गराउने, दफा १९ मा कर वा गैर कर राजस्वको प्रस्ताव गर्दा वा भईरहेको कर वा गैर कर राजस्वको प्रस्ताव गर्दा वा भईरहेको कर वा गैर कर राजस्वमा परिवर्तन गर्नुपर्दा त्यसको आवश्यकता, औचित्य र त्यसबाट पर्ने प्रभाव समेत उल्लेख गरी प्रस्ताव तयार गर्नुपर्ने, दफा २१ को उपदफा (३) मा गाउं कार्यपालिका र नगर कार्यपालिकाले प्रत्येक आर्थिक वर्षको असार महिनाको १० गतेभित्र आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान सम्बन्धित गाउं वा नगर



नि.प्रमुख प्रशासकिय अधिकृत

सभामा पेश गर्नुपर्ने, उपदफा (४) मा प्रदेश तथा स्थानीय तहले आफूले उठाएको राजस्व र यस ऐन बमोजिम राजस्व बांडफांडबाट प्राप्त हुने रकमबाट प्रशासनिक खर्च पुग्ने गरी राजस्व र व्ययको अनुमान पेश गर्ने, उपदफा (५) मा राजस्व र व्ययको अनुमान दफा ३८ बमोजिमको मापदण्ड अनुरुप हुनुपर्ने, दफा २२ को उपदफा (४) मा स्थानीय तहले राजस्व र व्ययको अनुमान पेश गर्दा अघिल्लो आर्थिक वर्षमा हुन नसकेको वा खर्चको लागि छुट्याईएको रकम लक्ष्य अनुसार खर्च हुन नसकेमा त्यसको कारण र त्यसको लागि गरिने सुधारको उपायको विबरण संलग्न गर्नुपर्ने र दफा २३ मा बजेट घाटा पूर्ति गर्ने स्रोतको स्पष्ट आधार समेत खुलाएर घाटा बजेट पेश गर्न सकिने व्यवस्था छ ।

**स्थानीय सरकार संचालन ऐन,** २०७४ को दफा २४ मा गाउँपालिका तथा नगरपालिकाले आफ्नो अधिकार क्षेत्रिभत्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत, विषय क्षेत्रगत मध्यकालिन तथा दीर्घकालीन विकास योजना बनाई लागू गर्नुपर्ने व्यवस्था छ । दफा ६५ मा राजस्व परामर्श समितिको व्यवस्था छ, जसले प्रत्येक वर्षको पौष १५ गतेभित्र आगामी आर्थिक वर्षको राजश्वको प्रक्षेपण गरी कार्यपालिका समक्ष पेश गरिसक्नु पर्दछ । दफा ६६ मा नगरपालिकामा प्राप्त हुने आन्तरिक आय, राजस्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण र सोको सन्तुलित विवरणको खाका तथा बजेट सिमा निर्धारण गर्ने स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिको व्यवस्था छ । दफा ६६ को उपदफा (६) मा समितिले आफ्नो कार्य प्रत्येक वर्षको फागुन महिनाभित्र सम्पन्न गरी सक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा आगामी आर्थिक वर्ष पछिको थप दुई वर्षको समेत गर्नुपर्ने व्यवस्था छ । दफा ६६ को उपदफा (७) मा उपदफा (१) बमोजिम तयार भएको आगामी आर्थिक वर्षको बजेट सिमा प्रत्येक वर्षको चैत्र १५ गतेभित्र प्रमुख प्रशासकीय अधिकृतले गाउँ/नगरपालिकाका विषयगत महाशाखा, शाखा तथा वडा समितिलाई उपलब्ध गराउने र उपदफा (८) मा प्राप्त बजेटको सीमाभित्र रही विषयगत महाशाखा, शाखा तथा वडा समितिले गाउँपालिका वा नगरपालिकाको योजना, आयोजना, कार्यक्रम र अनुमानित बजेट तर्जुमा गरी कार्यपालिकामा पेश गर्नुपर्ने व्यवस्था छ । दफा ६७ मा दफा ६६ बमोजिम निर्धारण भएको आयको प्रक्षेपण र वितरणको खाका र बजेट सीमामा आधारित भई स्थानीय तहको वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा समितिले बजेट तथा कार्यक्रम, नीति तथा कार्यक्रम, विनियोजन विधेयक र आर्थिक विधेयक तयार पार्नुपर्ने व्यवस्था छ । दफा ७१ को उपदफा (१) मा उपाध्यक्ष, उपप्रमुख वा कार्यपालिकाले तोकेको कार्यपालिकाको

नि. प्रमुख प्रशासकीय अधिकृत

कुनै सदस्यले आगामी आर्थिक वर्ष को राजस्व र व्यय (बजेट) को अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गतेभित्र सभामा पेश गर्नुपर्ने र उपदफा (६) मा उपदफा (१) वा (५) बमोजिम पेश भएको बजेट असार मसान्तभित्र पारित गरी सक्नुपर्ने व्यवस्था छ ।

चौरजहारी नगरपालिका वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७६ को दफा २ मा वार्षिक योजना तथा बजेट तर्जुमाका आधारहरुको बारेमा उल्लेख छ । दफा ३ मा वार्षिक योजना तथा बजेटका प्राथमिकताहरु, दफा ४ मा वार्षिक विकास योजना तर्जुमा गर्दा ध्यान दिनुपर्ने विषयहरुको बारेमा उल्लेख छ । दफा ५ मा योजना तर्जुमाका चरणहरु उल्लेख छ । दफा ६ मा योजना कार्यान्वयनको बारेमा उल्लेख छ । जसमा, नगर प्रमुखले सभाबाट बजेट पारित भएको मितिले ७ दिनभित्र प्रमुख प्रशासकीय अधिकृतलाई अख्तियारी दिने र प्रमुख प्रशासकीय अधिकृतले अख्तियारी प्राप्त भएको १५ दिनभित्र शाखा/इकाइ प्रमुख र वडा सचिवलाई लिखित रुपमा योजना कार्यान्वयनको जिम्मा दिने । योजना कार्यान्वयनको जिम्मा प्राप्त भएको मितिले ७ दिनभित्र सम्बन्धित शाखा प्रमुख/वडा सचिवले कार्यक्रम कार्यान्वयनको कार्यतालिका प्रमुख प्रशासकीय अधिकृत समक्ष पेश गर्ने र कार्यान्वयन तालिका स्वीकृत पश्चात् बजेट तथा कार्यक्रम कार्यान्वयनमा लैजाने व्यवस्था छ ।

३. **प्रस्ताव पेश गर्नु पर्नाका कारण र सम्बन्धित शाखाको राय :-** स्थानीय तहको वार्षिक बजेट तथा योजना तर्जुमाका सात चरणहरु पूरा गरी आगामी आर्थिक वर्षको बजेट तथा कार्यक्रम निर्माण गरी यही २०७७ असार मसान्तभित्र नगर सभाबाट पारित गरी सक्नुपर्नेछ । नेपालको संविधान र सोही अन्तर्गत बनेका कानूनहरुको अधिनमा रहि संविधान तथा प्रचलित कानूनले तय गरेका बजेट तथा योजना तर्जुमा आधार र प्राथमिकताहरु समेतलाई आत्मसात् गरी बस्तीस्तरिय योजना छनौट गरी वडा समिति मार्फत प्राथमिकताक्रम समेत निर्धारण भई नगरपालिकामा पेश भईसकेको छ । आर्थिक विकास समिति, सामाजिक विकास समिति, पूर्वाधार विकास समिति, वातावरण तथा विपद् व्यवस्थापन समिति, सार्वजनिक सेवा तथा क्षमता बिकास समिति, राजश्व परामर्श समिति, स्रोत अनुमान तथा सीमा निर्धारण समिति, बजेट तथा कार्यक्रम तर्जुमा समिति, लक्षित समुदाय, विभिन्न राजनीतिक दलका प्रतिनिधिहरु, नगरपालिका अन्तर्गतका विभिन्न शाखाहरु लगायतबाट नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, आर्थिक विधेयक, विनियोजन विधेयक लगायतका विषयमा सुझाव तथा परामर्श प्राप्त भईसकेको छ ।

नि.प्रमुख प्रशासकीय अधिकृत

# चौरजहारी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## चौरजहारी, रूकुम (पश्चिम)
## कर्णाली प्रदेश, नेपाल

४. **निर्णय हुनुपर्ने व्यहोरा :-** नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, अन्तर सरकारी वित्त व्यवस्थापन ऐन र चौरजहारी नगरपालिका योजना तर्जुमा दिग्दर्शन बमोजिम आगामी आर्थिक वर्ष २०७७/०७८ को बजेट तथा कार्यक्रम, नीति तथा कार्यक्रम, विनियोजन विधेयक, आर्थिक विधेयक र मध्यमकालिन खर्च संरचना (MTEF) नगर सभामा पेश गर्न नगर कार्यपालिकाबाट स्वीकृति प्रदान गर्ने सम्बन्धी प्रस्ताव स्वीकृत गर्न चौरजहारी नगर कार्यपालिका समक्ष प्रस्ताव पेश गर्न नगर प्रमुखज्यूबाट स्वीकृति प्राप्त भएकोले चौरजहारी नगरपालिका (कार्य सम्पादन) नियमावली, २०७४ को नियम ७ को अनुसूची १ को विषय सङ्ख्या १, २ र ३ बमोजिम यो प्रस्ताव पेश गरिएको छ ।

नि. प्रमुख प्रशासकीय अधिकृत
२०७७/०२/०२